नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
Ratnanagar-1, Chitwan, Nepal
Tel: +977-56561258/560608
Fax: +977-56561670
www.ndbl.com.np, Info@ndbl.com.np

मिति: २०८०/१२/१५

**च.नं.:NDBL/HO/288/080/81**

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**विषय: २२ औं साधारण सभा हुने सुचना सम्बन्धमा ।**

महाशय,

यस बैंकको मिति २०८०/१२/१५ को संचालक समितिको वैठकले बैंकको २२औं बार्षिक साधारण सभा यही मिति २०८१/०१/१८ गते मंगलबारका दिन गर्ने निर्णय भई मिति २०८०/१२/१५ को नागरीक राष्ट्रिय दैनिकमा प्रकाशित २२औं वार्षिक साधारण सभाको सुचनामा शेयर दाखेल खारेज हुने मिति तथा अन्य जानकारी छुट हुन गएको हुँदा उक्त सुचना संलग्न बमोजिम हुने गरी सच्याई मिति २०८०/१२/१८ आइतबारका दिन पुन: प्रकाशित गरिने व्यहोरा विनम्र अनुरोध गरिन्छ ।

**संलग्न**

१) अन्य जानकारी समावेश गरी सच्चाईएको सुचना ।

भवदिय
विष्णु रेग्मी
प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

वाधार्थ:
१) नेपाल धितोपत्र वोर्ड, खुमलटार, ललितपुर ।
२) सि.डि.एस एण्ड क्लियरिङ्ग लि., पुतलिसडक, काठमाण्डौ ।
३) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाण्डौ ।
४) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय नियमन बिभाग, वालुवाटार, काठमाण्डौ ।
५) श्री कम्पनी रजिष्टर्डको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौ ।
६) श्री ग्लोवल आइ.एम.ई क्यापिटल लि. नक्साल, काठमाण्डौ ।

CamScanner

# नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको

## २२औं वार्षिक साधारण सभा सम्बन्धी सुचना

संचालक समितिको मिति २०८०/१२/१५ को निर्णयानुसार यस कम्पनीको २२औं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न विषयहरु उपर छलफल गर्न बोलाउने निर्णय भएको हुनाले शेयरधनीहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।

**साधारण सभाको मिति, समय, स्थान**

मिति : २०८१ बैशाख १८ गते मंगलबार ।

स्थान : होटल स्टार चितवन, रत्ननगर १, टाँडी, चितवन ।

साधारण सभा हुने समय : विहान ११:३० बजे ।

**छलफलको विषय :-**

**(क) साधारण प्रस्ताव**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्युको आर्थिक वर्ष २०७९/२०८० को प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल आसार मसान्तको वितीय विवरण, सोही मितिमा पेश भएको आर्थिक वर्ष २०७९/२०८० को नाफा नोक्सान हिसाब विवरण, नगद प्रवाह विवरण, इक्वीटिमा भएको परिवर्तनको विवरण र सो सँग सम्वन्धित अनूसुचीहरु सहितको वित्तीय विवरणहरु पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारीसमा बैंकको आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न बाह्य लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संचालकहरुको मनोनयन/निर्वाचन गर्ने ।

५. विविध ।

**(ख) बिशेष प्रस्तावहरु :**

१. ने.रा.बैंकको पुर्व स्वीकृति बमोजिम कम्पनीको रजिष्टर्ड (केन्द्रिय) कार्यालयको ठेगाना परिवर्तन गर्ने प्रस्ताव ।

२. कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधनको प्रस्ताव ।

३. यस नारायणी डेभलपमेन्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ति/समाहित (Acquisition) हुने, रणनीतिक साझेदार, नयाँ लगानीकर्ता भित्रयाउने प्रयोजनका लागि उपयुक्त बैंक वित्तीय संस्था, साझेदार, लगानीकर्ताको पहिचान गर्ने, सहमति पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्व मुल्याकंन (Due Diligence Audit) गर्ने परामर्शदाता, मुल्याकंनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने तथा उक्त कार्यसँग सम्वन्धित अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने ।

४. कम्पनीको प्रवन्ध पत्र र नियमावलीमा संशोधन गर्ने सम्वन्धमा कम्पनीको आवश्यकता अनुसार तथा नियमनकारी निकायहरुवाट कुनै फेरवदल, सुझाव भएमा सोही अनुसार आवश्यक फेरवदल गर्न संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिन स्वीकृती दिने ।

५. विविध ।

### २२औं बार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरुः

१) २२औं वार्षिक साधारण सभा प्रयोजनका लागि २०८१/०१/१० गते सोमवार एक (१) दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द रहनेछ । मिति २०८१/०१/०९ गते सम्म नेपाल स्टक एक्सचेञ्जमा कारोबार भई प्रचलित कानून बमोजिम बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइ.एम.इ क्यापिटल लिमिटेडमा प्राप्त विवरणको आधारमा कायम शेयरधनीहरु मात्र साधारण सभामा भाग लिन हाजिर गर्न योग्य हुनेछन ।

२) वार्षिक साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधी नियुक्त गर्न चाहाने शेयरधनी महानुभावले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका अनुसारको प्रतिनिधिपत्र (प्रोक्सी) बमोजिमको ढाँचामा प्रतीनिधिपत्र भरी प्रतिनिधि नियुक्त गर्नुपर्नेछ । यसरी नियुक्त प्रतिनिधिले कम्तीमा ४८ घण्टा अगावै बैंकमा प्रतीनिधिपत्र (प्रोक्सी) दर्ता गरीसक्नु पर्नेछ ।

३) अन्य थप जानकारीको लागी यस बैंकको केन्द्रीय कार्यलय रत्ननगर १, टाँडी चितवनमा सम्पर्क गर्नु हुन वा बैंकको सूचना पाटीमा उल्लेखित व्यहोराको जानकारी लिनु हुन अनुरोध गरिन्छ ।

४. संचालक निर्वाचन सम्वन्धि सूचना बैंकको सूचना पाटीमा टाँस गरिनेछ ।

अध्यक्ष ज्यूको आज्ञाले
कम्पनी सचिव

CamScanner